नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय,दोलखा

फोन नं.
०४९-४२११११९
Web :dolakha@dolma.gov.np
चरिकोट, दोलखा ।

# सूचना ! सूचना !! सूचना !!!

दोलखा जिल्ला साविक नाम्दु गा.वि.स वडा न.५ को हाल बैतेश्वर गाउँपालिका वडा न.७ बस्ने धनमाया सार्कीले मेरो दाजु काले सार्कीको नाममा नापनक्सा भएको दोलखा जिल्ला साविक पवटी गा.वि.स वडा न .१ को कि.न.१९० को क्षेत्रफल १९१० व.मी को जग्गा रहेकोमा निज दाजु काले सार्की अविवाहित अवस्थामा मिति २०४५।०६।१० गते देखि वेपत्ता भएको भनी दोलखा जिल्ला अदालतको प्रमाण पत्र नम्बर ०८१-01-००२० को वेपत्ता वा मृत्युको न्यायिक घोषणाको प्रमाणपत्रमा उल्लेख भएको देखिन्छ । वेपत्ते काले सार्कीको पिता पिर्थे सार्कीको मिति २०४५।०५।१२ मा आमा चन्द्र माया सार्कीको मिति २०३७।११।२९ मा परलोक भै निजहरुबाट जायजन्म भएको छोरीहरु गिता सार्की मिति २०१० मा र सुमित्रा सार्की मिति २०१२ सालमा अविवाहित अवस्थामा मृत्यु भएकोले उक्त कित्ता जग्गा दाजुको नामबाट मेरो नाममा नामसारी/दर्ता गरि पाउँ भनि माग निवेदन पेश गरेको हुँदा उक्त कित्ता जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होइन ? मृतक काले सार्कीको हालको जिवित हकदार निवेदक बाहेक अन्य कोही छन,छैनन् ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिलः (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही नाम | जग्गावालाको नाम, थर | विरह | कैफियत |
|---|---|---|---|---|---|---|---|
| पवटी | १ | १९० | १९१० ब.मी. | - | काले सार्की<br>गा.वि.स.पवटी -१<br>बाबु :पिर्थे<br>बाजे:घ्याम्पे | मकै/दोयम | |

पूनश्चः निवेदकको सो जग्गाको साविक तिरो पेश गरेको र लगत प्रतिलिपी तथा ७ न. फाँटबारी लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको साविक लगत अनुसुचि तथा ७ न.फाँटबारी लगायत कागजात द्वन्द्वको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ ।